**हिमालयन पावर पार्टनर लिमिटेड**
**सातौं बार्षिक साधारण सभा**
**को**
**निर्णय विवरण (माईन्युट)**

१. **सभाको प्रारम्भ :**

यस हिमालयन पावर पार्टनर लिमिटेडको मिति २०७६/०८/१४ मा बसेको संचालक समितिको ३९औ बैठकको निर्णयानुसार आज मिति २०७६ साल पुष २८ गतेका दिन कम्पनीको सातौं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री जीबनाथ लामिछानेज्यूको अध्यक्षतामा अम्रपाली ब्यांक्वेट क्याटरिङ्ग एण्ड इभेन्ट, भाटभटेनी, काठमाण्डौमा १०:०० बजे देखि बसी निम्न बमोजिमको प्रस्ताव उपर छलफल तथा निर्णय पारीत गरी सभा सम्पन्न भयो ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) मा व्यवस्था भए अनुसार सातौं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनु साथै सोहि ब्यहोराको सूचना मिति २०७६ साल मंसिर ३० गते र मिति २०७६ साल पुष १३ गतेको आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित गरिनुका साथै संचालक समितिले सो साधारण सभामा प्रस्तुत गर्ने विशेष प्रस्ताव र कम्पनी ऐन, २०६३ बमोजिम शेयरधनीहरुलाई पठाउनु पर्ने कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइएको थियो ।

३. **सभाको मिति, स्थान र समय :**

मिति : २०७६ साल पौष २८ गते सोमवार ।
स्थान : अम्रपाली ब्यांक्वेट क्याटरिङ्ग एण्ड इभेन्ट, भाटभटेनी, काठमाण्डौं ।
समय : १०:०० वजे ।

४. **छलफलको विषयहरु :**

(क) सामान्य प्रस्ताव

१. संचालक समितिको आ.ब. २०७५/७६ को बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक बर्ष २०७६/०७७ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।

(ख ) विविध सम्बन्धमा ।

Himalayan Power Partner Ltd. HPP Kathmandu

५ उपस्थिति

**संचालकहरु**

श्री जीबनाथ लामिछाने अध्यक्ष
श्री चन्द्रप्रसाद ढकाल संचालक
श्री अम्विका प्रसाद पौडेल संचालक
श्री नारायण बाबु लोहनी संचालक
डा. हेमन्त कुमार दवाडी संचालक
श्री गुरु प्रसाद ढकाल संचालक तथा कार्यकारी निर्देशक

**पदाधिकारीहरु**

श्री बिनय के.सी. कम्पनी सचिब
श्री उमेश कुमार बस्नेत वरिष्ट लेखा अधिकृत
श्री मिथुन बिष्ट वातावरण अधिकृत

**शेयरधनीहरुको उपस्थिती :**

स्वयम उपस्थित १७९ जना
प्रतिनिधिमार्फत उपस्थित ३ जना
जम्मा उपस्थित : १८२ जना

६ **गणपुरक संख्याको विवरण :**

| विवरण | कूल संख्या | स्वयं उपस्थिति | प्रतिनिधिमार्फत | जम्मा उपस्थिति | कुल विक्री शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | १,०६,५४,१७० | ६२,६३,३६० | ६,९७,७९६ | ६९,७७,१०२ | ६५.४९% |
| शेयरधनी संख्या | १,२९,१३२ | १७९ | ३ | १८२ | – |

७. **सभाको बैधानिकता :**

(क) यो सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशतभन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित हुनु पर्ने प्रावधान रहेकोमा कम्पनीको सातौं बार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिर जनाउने शेयरधनीको संख्या १८२ जना र कूल बाँडफाँड भएको शेयरको ६५.४९ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभामा गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

(ख) कम्पनीको नियमावली अनुसार साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्ने प्राबधान बमोजिम दिनको १०:०० बजे अध्यक्ष श्री जीवनाथ लामिलानेज्यूको अध्यक्षतामा कम्पनीको सातौं वार्षिक साधारण सभा सुरु भयो ।

## ८ वार्षिक साधारण सभामा संचालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुति

सभाको अध्यक्ष श्री जीवनाथ लामिछानेज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय सूचि अनुसार आफ्नो मन्तव्य सहित आ.व. २०७५/०७६ को संचालक समितिको वार्षिक प्रतिबेदन, लेखापरिक्षकको प्रतिवेदन, वित्तिय विवरण तथा कम्पनीको प्रगती विवरण पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

## ९ छलफलको लागि आव्हान र शेयरधनी महानुभाहरुको व्यक्त धारणा, जिज्ञासा तथा सुझाब

अध्यक्षज्यूले आफूले पेश गरेको प्रतिवेदनका सम्बन्धमा उपस्थित शेयरधनी महानुभावहरुलाई आआफ्नो जिज्ञासा, राय सल्लाह, सुझाब तथा प्रतिकिया राख्न अनुरोध गर्नु भयो । कम्पनीका शेयरधनी श्री अजुन कुमार ढुंगेलले निम्न बमोजिम जिज्ञासा, राय सल्लाह, सुझाब तथा प्रतिक्रियाका राख्नु भयो ।

**१. श्री अजुन कुमार ढुगेंल**

लेखापरीक्षकको प्रतिबेदनमा उल्लेख भएको साधारण सभा खर्चको बारेमा प्रस्ट पार्न आग्रह गर्नु भयो । आयोजना किन ढिला भयो भनी प्रश्न गर्नु भयो । साथै कम्पनीले सामाजिक उत्तर दायित्व (corporate social responsibility) तर्फ गरिएका खर्चहरुलाई छुट्टै तालिका बनाइ देखाउनु पर्ने सुझाव दिनु भयो ।

उहाले आफ्नो जिज्ञासा, राय सल्लाह, सुझाब तथा प्रतिकिया राखी सके पछि ती जिज्ञासाहरुलाई सम्बोधन कम्पनीको कार्यकारी निर्देशक श्री गुरुप्रसाद ढकाल तथा संचालक श्री चन्द्रप्रसाद ढकालले गर्नु भएको थियो । उहाहरुले गर्नु भएको सम्बोधन संक्षेपमा निम्न वमोजिम रहेको छ ।

१.संचालक तथा कार्याकारी निर्देशक श्री गुरुप्रसाद ढकाल :

(क) छैठौं वार्षिक साधारण सभामा रु १,५४,५०९ खर्च भएको थियो जसमा सभाहलको भाडा, प्रतिवेदन छपाइ खर्च तथा अन्य विविध खर्च रहेको छ ।

(ख) टनेलको काममा भौगर्भिक कठीनाइले केहि ढिला हुन गएको तथापि गत भाद्र १५ गते ब्रेकथ्रु भैसकेको र नेपाल विद्युत प्राधिकरणबाट निर्माण गरिनुपर्ने प्रशारण लाइन तथा उदीपुर सबस्टेशन निर्माणमा ढिला भएकोले कम्पनीको कावुवाहिरको परिस्थितिले भएको हो । अब २०७६ चैत्र मसान्त भित्र काम सम्पन्न हुने गरी निर्माण कार्य भैरहेको छ ।

(ग) सामाजिक उत्तरदायित्व अन्तरगत गरिएको खर्चहरु Enviromental, Social & Land Acquisition शिर्षकमा देखाइएको छ ।

२. संचालक श्री चन्द्रप्रसाद ढकाल :

आयोजना ढिला भएको सम्बन्धमा कार्यकारी निर्देशकले सवै भनिसक्नु भएकोछ । हाम्रो कावुवाहिरको परिस्थितिले भएको हो । यसमा हामीहरुलाई पनि अत्यन्त चिन्ता छ । आगामी वर्ष यस्तो परिस्थिति आउन नदिन अधिकतम प्रयास रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

## १०. सभाबाट भएका निर्णयहरु :

(क) <u>सामान्य प्रस्ताव उपर छलफल तथा निर्णय</u>

Himalayan Power Partner Ltd. HPP Kathmandu

१. **संचालक समितिको आ.ब. २०७५/७६ को बार्षिक प्रतिवेदन पारित गर्ने ।**

संचालक समितिको तर्फबाट अध्यक्ष श्री जीवनाथ लामिछानेज्यूले प्रस्तुत गर्नु भएको आ. ब. २०७५/७६ को बार्षिक प्रतिवेदन उपर छलफल गरी उक्त बार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. **वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विवरण पारित गरियोस भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।

३. **आर्थिक बर्ष २०७६/०७७ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।**

कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७६/०७७ को लेखा परिक्षण गर्न लेखापरीक्षक S.D. & Associates, Chartered Accountants लाई लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले मु.अ. कर बाहेक एकमुष्ट पारिश्रमिक रु.१००,०००/- (अक्षरुपी: रु. एक लाख मात्र) दिने गरी लेखापरीक्षक S.D. & Associates, Chartered Accountants लाई नियुक्त गर्ने उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

११ **धन्यवाद ज्ञापन :**

शेयरधनी महानुभावहरुलाई कम्पनीको लक्ष्य प्राप्तिको लागि संचालक समिति सधै प्रयन्तशिल रहेका र उहाहरुको सल्लाह तथा सुझाव कम्पनीको लागि मार्गदर्शनको रुपमा रहने कुरा व्यक्त गर्दै उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु, लेखापरीक्षक, संचारकर्मी, दोर्दी खोला जलविद्युत आयोजनाको निर्माण कार्यमा सहयोग गर्नु हुने स्थानिय बासीन्दा, स्थानिय प्रशासन तथा ऋण प्रवाह गर्ने बैंक तथा बित्तिय संस्थाहरु लाई धन्यवाद ज्ञापन गरी अध्यक्षज्युबाट सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।

...........................
बिनय के.सी.
कम्पनी सचिव
मिति: २०७६/१०/१२

Himalayan Power Partner Ltd. HPP Kathmandu

...........................
जीवनाथ लामिछाने
अध्यक्ष